दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

हामी बोलेर मात्र
हाेइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरुरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा
पठाउनु परेमा हामीलाई सम्झनुहोस् ।
सुपर काइनेटिक
कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको
भवन) फोन:- ०७१५४२५७१

वर्ष ३६ | अंक २१२ | बुटवल | २०८१ साउन १४, गते सोमबार | नेपाल संवत ११४४ | Monday July 29, 2024 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini

# बुटवलका मेयरका नाममा बाँडियो ८ करोड

## नागरिकले तिरेको करको रकममा आफ्नो नाम जोडेर बिना शिर्षक बजेट छुट्टाएर आफू अनुकूलका व्यक्ति र संस्थालाई बाँड्नु कानूनी, बजेटरी र सार्वजनिक वित्तको सिद्धान्त विपरीत मात्र हैन संघ र प्रदेशको कानुनको पनि बर्खिलाप हो ।

**टिआर शर्मा**
*बुटवल*




बुटवल उप-महानगरपालिकाका मेयर खेलराज पाण्डेयले अबण्डा शिर्षकमा ठूलो रकम राखेर एक वर्षमै ८ करोड रुपैयाँ बढी बाँडेका छन् । आर्थिक वर्ष २०८०-८१ मा मेयर पाण्डेयले आफू निकटका संघसंस्था, सञ्चारमाध्यम र पत्रकार निकट संघसंस्थालाई ८ करोड ३ लाख रुपैयाँ बाँडेका हुन् ।

मेयर पाण्डेयले विभिन्न १६ वटा कार्यक्रम र उपक्षेत्रका नाममा उक्त रकम बाँडेका हुन् । उक्त रकममध्ये ४० लाख रुपैयाँ नेपाल सरकारबाट प्राप्त समानीकरण अनुदानबाट बाँडेका हुन् भने बाँकी सबै आन्तरिक स्रोतबाट बाँडेका हुन् । जसमध्ये नगरप्रमुख गृहिणी महिला स्वरोजगार कार्यक्रम (उपक्षेत्र-लैंगिक समानता तथा सामाजिक समावेशीकरण) र नगरप्रमुख विद्यालय भौतिक सुधारलाई सबैभन्दा धेरै २-२ करोडका दरले ४ करोड बाँडेका छन् ।

यस्तै नगर प्रमुखको निर्णयमा हुने पूर्वाधार विकास (उपक्षेत्र-यातायात पूर्वाधार) लाई एक करोड दिएका छन् ।

यस्तै नगरप्रमुख खेलकुद कार्यक्रम (उपक्षेत्र-युवा तथा खेलकुद) लाई ५ लाख, नगर प्रमुख स्वस्थ शिशु सुत्केरी पोषण खर्च कार्यक्रमलाई नगद ८८ लाख दिएका छन् । मेयर पाण्डेयले नेपाल सरकारबाट समानीकरण अनुदानमा प्राप्त रकममध्ये ४० लाख नगरप्रमुख सञ्चारक्षेत्र प्रोत्साहन तथा नगर गतिविधि प्रचार कार्यक्रम (उपक्षेत्र-लैंगिक समानता तथा सामाजिक समावेशीकरण ) का नाममा बाँडेका छन् । यस्तै नगरप्रमुख सञ्चारक्षेत्र प्रोत्साहन तथा नगर गतिविधि प्रचार कार्यक्रम (उपक्षेत्र-लैंगिक समानता तथा सामाजिक समावेशीकरण ) आन्तरिक श्रोतबाट ५० लाख बाँडेका छन् । यसरी सञ्चारमाध्यम, विभिन्न दल निकट पत्रकार संघ-संगठन, महिलाहरु आबद्ध पत्रकारका संगठनलाई कूल ९० लाख रुपैयाँ बाँडेको पाइएको छ । यस्तै बाआमासँग नगरप्रमुख स्वास्थ्य परीक्षण कार्यक्रमलाई ४ लाख, सामुदायिक वनहरुसँग नगरप्रमुख भेटघाट तथा अन्तरक्रिया कार्यक्रम (उपक्षेत्र-वातावरण तथा जलवायु) लाई २ लाख, नगरप्रमुख सामाजिक सहायता कार्यक्रम (उपक्षेत्र-लैंगिक समानता तथा सामाजिक समावेशीकरण ) लाई ६१ लाख र नगर प्रमुखबाट दिइने आर्थिक सहयोग (उपक्षेत्र-कार्यालय सञ्चालन तथा प्रशासनिक) लाई १० लाख दिएका छन् ।

यस्तै नगरप्रमुख घरदैलो स्वास्थ्य सेवा कार्यक्रमलाई व्यवस्थित गर्न सफ्टवेयर खरिदलाई ८ लाख र नगरप्रमुख घरदैलो स्वास्थ्य सेवा कार्यक्रमलाई व्यवस्थित गर्न सञ्चालन एवं व्यवस्थापन खर्चमा१० लाख दिएका छन् ।

यस्तै नगर प्रमुखसँग विद्यार्थी कार्यक्रमलाई ४ लाख, नगरप्रमुख छलफल कार्यक्रम (उपक्षेत्र-लैंगिक समानता तथा सामाजिक समावेशीकरण) लाई १० लाख र नगरप्रमुख शैक्षिक सूधार कार्यक्रमलाई ११ लाख दिएका छन् । यसरी बाँडिएको बजेटका विषयमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा समेत उजुरी परेको तथा महालेखा परीक्षकको कार्यालयले समेत यस्तो वितरण गलत भएकोले रोक्न भनेको थियो । बुटवल उप-महानगरपालिकाका एक वडाध्यक्षका अनुसार अबण्डामा राखेको बजेट बाँड्न मेयर पाण्डेयले हरेक कार्यपालिका बैठकमा विविध शिर्षकमा त्यो विषय राखेर प्रस्ताव गर्ने अनि कुनै छलफल हुन नपाइ ताली पिटेर निर्णय गराउने गरिएको बताए । 'बैठकैपिच्छे मेयर साबले विविध शिर्षकबाट बजेट बाँड्ने प्रस्ताव ल्याउनुहुन्थ्यो, उहाँको मुखबाट फुत्किने बित्तिकै कांग्रेसभन्दा पहिला माओवादी र एकीकृत समाजवादीका जनप्रतिनिधिले ताली बजाइहाल्नुहुन्थ्यो अनि कुनै छलफल विनै निर्णय हुन्थ्यो,'-ती वडाध्यक्षले भने-'नगरवासीले दुःख गरेर खाई नखाई तिरेको करको यति ठूलो रकम यसरी नगर प्रमुखको नामा मनपरी बाँड्दा पनि न एमालेका जनप्रतिनिधि बोल्न सके, न यो गलत भयो भनेर लेख्नुपर्ने र बोल्नुपर्ने निकायले कलम चलाए, सबैले बजेट पाएपछि तैंचुप मैचुप भएको छ, यो ज्यादै लज्जाजनक हो ।'

» बाँकी ३ पेजमा

## भारतलाई हराउँदै महिला एसिया कप उपाधि श्रीलंकालाई



बुटवल । महिला एसिया कप टी २० प्रतियोगिताको उपाधि श्रीलंकाले जितेको छ । आइतबार भएको फाइनलमा भारतलाई ८ विकेटले हराउँदै श्रीलंका विजेता बनेको हो ।

टस जितेर ब्याटिङ रोजेको भारतले ६ विकेट क्षतीमा १६५ रनको बलियो स्कोर खडा गरेको थियो । भारतकी कप्तान स्मृति मन्धनाले ४७ बलमा ६० रन बनाइन् । श्रीलंकाले २ विकेट मात्रै गुमाएर लक्ष्य भेट्टायो ।

श्रीलंकाले पहिलो विकेट ७ रनमै गुमाएको थियो । भिस्मी गुणरत्ने १ रनमै रन आउट भइन् । तर, कप्तान चामरी अथापट्टु र हर्षिता समराविक्रमाले ८७ रनको साझेदारी गर्दै श्रीलंकालाई जितको बाटोमा डोहोऱ्याएका थिए । चामरीले ४३ बलमा ६१ रन र हर्षिताले ५१ बलमा ६९ रनको योगदान दिए । चौंथो नम्बरमा आएकी कभिसा दिलहरीले १६ बलमा ३० रन जोडेपछि भारत खेलमा फर्किन सकेन । श्रीलंकाले ८ बल बाँकी छँदै लक्ष्य हासिल गरेको थियो ।

श्रीलंकाले महिला एसिया कपको उपाधि पहिलोपटक जितेको हो । भारत आठौंपटक विजेता बन्न वञ्चित भएको छ ।

## स्याङ्जाका ११ पालिकाको बेरूजु झण्डै १ अर्ब



**प्रकाश डोटेल**
*स्याङ्जा*

स्याङ्जाका स्थानीय पालिकाको झण्डै एक अर्ब रुपैयाँ बेरुज देखिएको छ । जिल्लाका ५ नगरपालिकाको ६६ करोड ५ लाख १६ हजार र ६ गाउँपालिकाको २९ करोड ४० लाख ४७ हजार गरी जिल्लाका ११ पालिकाको ९५ करोड ४५ लाख ६३ हजार रुपैयाँ बेरुजु देखिएको हो ।

महालेखापरीक्षणको कार्यालयले आर्थिक वर्ष २०७४/०७५ देखि २०७९/०८० सम्म गरेको सम्परीक्षणबाट उक्त रकम बेरुजु देखिएको छ । महालेखाले हालै प्रकाशित गरेको प्रतिवेदनमा कारबाही स्वरुप असुल गर्नुपर्ने, अपुग कागजात पेश गर्नुपर्ने, नियमित गर्नुपर्ने र पेश्की रकमलाई बेरुजुको रुपमा लिएर स्थानीय पालिकागत बेरुजु रकम उल्लेख गरेको छ ।

जिल्लाका ५ नगरपालिकामध्ये सबैभन्दा बढी बेरुजु पुतलीबजारमा २४ करोड ७२ लाख १२ हजार छ भने सबैभन्दा कम भीरकोटमा ५ करोड २७ लाख ४३ हजार रहेको छ । ६ गाउँपालिकामध्ये सबैभन्दा बढी हरिनाशमा ९ करोड २४ लाख १५ हजार छ भने सबैभन्दा कम बिरुवामा एक करोड ९५ लाख ६३ हजार रुपैयाँ बेरुजु रहेको छ ।

नगरपालिकातर्फ पुतलीबजारपछि बढी बेरुजु हुने नगरमा गल्याङको १४ करोड ५५ लाख ७६ हजार रहेको छ । चापाकोटको १४ करोड २८ लाख ९१ हजार रुपैयाँ बेरुजु हुँदा वालिङको ७ करोड २० लाख ९४ हजार रुपैयाँ बेरुजु देखिएको छ । गाउँपालिकातर्फ भने सबैभन्दा कम बिरुवासँगै कालीगण्डकीको २ करोड ७७ लाख ३६ हजार छ भने फेदिखोलाको ४ करोड ९५ लाख बेरुजु रहेको महालेखाको प्रतिवेदनमा उल्लेख छ । आँधीखोलाको ५ करोड १६ लाख १३ हजार बेरुजु हुँदा अर्जुनचौपारीको बेरुजू ५ करोड ३१ लाख २० हजार रुपैयाँ रहेको छ ।

» बाँकी ३ पेजमा




## सम्पादकीय

# जैविक मार्गमा मान्छेको गतिविधि रोक

दाङको जैविक मार्ग भएर वन्यजन्तुको ओहोरदोहोर बढेसँगै आक्रमणका घटना बढ्न थालेका छन् । सर्वसाधारण वन क्षेत्रमा प्रवेश गर्दा सावधानी नपनाउँदा वन्यजन्तुको आक्रमणमा परेर घाइते भइरहेका छन् । गएको असारमा मात्रै दुई जना घाइते भए । गत वर्ष चार जना गम्भीर घाइते भएका थिए । उपचारमा ठूलो धनराशी खर्च भइरहेको छ । संरक्षणले वन राम्रो भयो, वनमा बासस्थान भयो, वन्यजन्तु बढे । वनमा वन्यजन्तुको जोखिम छ भन्ने हेक्का सर्वसाधारणलाई नहुने र त्यसतर्फ सजग गराउने प्रयन्त पनि नहुनु दुःखद छ ।

दाङको जैविकमार्ग पश्चिममा बाँके राष्ट्रिय निकुञ्ज र दक्षिणमा भारतको सोहिलुवा वन्यजन्तु आरक्षणसँग जोडिएको छ । वन क्षेत्रमा भएको सुधारले वन्यजन्तु ओहोरदोहोर गर्न सजिलो भएको छ । जैविक मार्ग भएर नेपालका संरक्षित वन्यजन्तुहरु पाटे बाघ, हुँडार, चौका, हात्तीलगायतका जनावर आवतजावत गरिरहेका छन् । एकातिर आक्रमणको जोखिम बढेको छ, अर्कोतिर बाघलगायतका वन्यजन्तुलाई चोरी सिकारीबाट बचाउनुपर्ने चुनौती छ ।

मानव–वन्यजन्तु द्वन्द्व न्यूनीकरणको उपाय हो, वन्यजन्तु र मानव हिंड्ने बाटो फरक फरक बनाउने । जैविक मार्गमै मान्छेको गतिविधि बढ्दा जोखिम बढेपछि अब गर्नुपर्ने काम भनेको बाटो फरक-फरक बनाउने हो । पूर्वमा बागमती नदीदेखि पश्चिममा महाकाली नदीसम्मको नेपालको तराई भू-परिधि क्षेत्रभित्र छ वटा संरक्षित क्षेत्र र अन्य प्रमुख जैविक मार्गहरु छन् । तराईका पहिचान भएका जैविक मार्गभित्र दाङको लमही, बाँकेको महादेवपुरी, बर्दियाको खाता, कञ्चनपुरको मोहना-लालझाडी पर्दछन् । दाङको राप्ती गाउँपालिका र गढवा गाउँपालिका क्षेत्र जैविकमार्ग र बोटल नेक (साँघुरो घाँटी) क्षेत्रभित्र पर्दछ । यी जैविक मार्ग हुँदै वन्यजन्तु आवत जावत गर्ने क्रममा सवारी दुर्घटनामा परेर मृत्यु हुने, घाइते हुने अवस्था देखिएको छ भने वन प्रवेश गर्ने उपभोक्ताहरु पनि वन्यजन्तुको आक्रमणमा पर्न थालेका छन् ।

वन्यजन्तु–मानव बढ्दो द्वन्द्वले संरक्षण अभियानलाई असर गर्न सक्छ । संरक्षण अभियानलाई दीगो बनाउने हो समुदायमुखी बनाउन ढिलाइ गर्न हुन्न । समुदायको साथका लागि राज्य पनि हाम्रो साथमा छ भन्ने अनुभूति उनीहरुलाई हुनुपर्छ । त्यसका लागि वन्यजन्तुको आक्रमणमा परेका नागरिकको उपचार र राहतको जिम्मा सरकारले लिनुपर्छ । सकेसम्म द्वन्द्व न्यूनीकरणका सबै उपाय अवलम्बन गर्नुपर्छ ।

# गठबन्धन चुनौती कि अवसर ?



विनोज बस्न्यात




सन् २००६ मा विस्तृत शान्ति सम्झौता (सीपीए) मा हस्ताक्षर भएपछिका झन्डै दुई दशकयता नेपालले नयाँ राजनीतिक व्यवस्था कार्यान्वयनका लागि मार्गप्रशस्त गर्ने सन्दर्भमा चारवटा प्रमुख रणनीतिक मुद्दाको सामना गरेको छ । एक, शान्ति वार्ताका माध्यमबाट विद्रोहलाई नेपालको विद्यमान लोकतान्त्रिक प्रक्रियामा पुनः स्थापना । दुई, माओवादी लडाकुको समायोजन एवं पुनर्स्थापना । तीन, ६० हजारभन्दा बढी मानव अधिकार हननसम्बन्धी मुद्दाको मेलमिलाप । र चार, संघीयता, गणतन्त्र, धर्मनिरपेक्षता र समावेशिताको सिद्धान्तमा टेकेर २०७२ को संविधान जारी ।

यीमध्ये दुईटा आधारभूत विषय अझैँ पनि बहस र छलफलमै छन् । एक दशक लामो माओवादी युद्धका क्रममा भएका 'मानव अधिकार' उल्लंघनका मुद्दा अझैँ टुंगिन सकेका छैनन् । यसबीच, ३१ असारमा संघीय संसदमा दुईतिहाइसाथ नयाँ गठबन्धन सरकार बनेपछि '०७२ सालको संविधान'मा परिवर्तनको सम्भावनासहित यी मुद्दा फेरि चर्चामा छन् ।

१८ वर्षदेखिको संक्रमणमा भूराजनीतिक शक्ति नै हाबी भए भने नेपालले नयाँ राजनीतिक एवं शासकीय प्रणालीतर्फ लामो संक्रमणको सामना गरिरहेको छ । संविधान र मानव अधिकारका मुद्दा उछालिँदै जाँदा संविधान र यसपछाडिका राजनीतिक शक्ति राष्ट्रिय मुद्दामा जत्तिकै भूराजनीतिक मामिलामा पनि जोडिँदै जानेछन् । कांग्रेस-एमाले नेतृत्वको सरकारले दुईटा कार्यसूची तय गरेको छ । पहिलो, राजनीतिक अस्थिरताबाट निकास खोज्ने र दोस्रो, अभ्यासका आठ वर्षको आलोकमा संविधानमा आवश्यक परिमार्जन गर्ने । यो नेपालको आर्थिक विकासका लागि बलियो सरकारको खोजी पनि हुनेछ । साथै, नेपालको राजनीतिक एवं शासन प्रणाली नेपालीले नै निर्माण गर्नेतर्फको काम पनि हुनेछ ।

पछिल्ला चारवटा आमनिर्वाचन र डेढ वर्षको अवधिमा चारपटक विश्वासको मतले सन् २०६२ मा नेपालको संक्रमणकाल सुरु हुँदाखेरिको प्रमुख राजनीतिक शक्ति अर्थात् निवर्तमान प्रधानमन्त्री प्रचण्डले जनताको विश्वासलाई कायम राख्न नसकेको तथ्य उजागर गर्छ । सर्वहारा कम्युनिस्ट प्रणाली त्यागेर ०६२ मा शान्तिपूर्ण राजनीतिमा प्रवेश गरेपछि प्रचण्डको नेतृत्वमा माओवादीले ०६४ वैशाखमा सम्पन्न पहिलो संविधानसभाको निर्वाचनमा सबैभन्दा ठूलो शक्तिका रूपमा ६०१ मध्ये २२९ सिटमा विजय हासिल गर्‍यो । ०७० मा भएको दोस्रो संविधानसभाको चुनावमा ६०१ मध्ये ८२ सिट जितेर माओवादी तेस्रो ठूलो दलमा सीमित भयो । संविधान जारी भएपछिका ०७४ र ०७९ को आमनिर्वाचनमा क्रमशः एमालेसँगको चुनावी तालमेलबाट ५३ र कांग्रेससँगको चुनावी तालमेलमा ३२ सिटमा खुम्चियो ।

कांग्रेस र एमालेले आफ्नो हैसियत लगभग कायम राख्दै आएका छन् भने राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा), राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) र स्वतन्त्र उम्मेदवारले माओवादीको सिट लगेका छन् । मधेश आन्दोलनसँगै मधेशी जनअधिकार फोरम, नेपाल मूलधारको राजनीतिमा प्रवेश गर्‍यो । त्यसपछिका चुनावमा ऊ विभिन्न समूहमा विभाजित भयो । राष्ट्रिय आवश्यकता र प्राथमिकतालाई नेतृत्वको लोभ र भयबाट सिर्जित राष्ट्रिय नीति, संकुचित दृष्टि, भूराजनीतिक परिवेशको गलत व्याख्याका साथै पार्टीका आन्तरिक र अन्तरपार्टी विसंगतिले सीमान्तकृत गरेका छन् । संवैधानिक सामान्यीकरणको खतरनाक धक्काले नेपाललाई अस्थिर बनाउन सक्छ । विशेषगरी भारतको प्रभाव पर्नेछ ।

भूराजनीति : २० सेप्टेम्बर २०१५ मा भारतीय विदेश मन्त्रालयले प्रेस विज्ञप्ति जारी गर्दै गणतन्त्र, संघीयता र धर्मनिरपेक्षताको समर्थन गर्‍यो । 'नेपालमा संविधान जारी भएको विषयलाई हामीले संज्ञानमा लिएका छौँ,' उसले विज्ञप्तिमा भनेको थियो । समावेशितालाई संविधानले मिस गरेको छ । नयाँदिल्लीले कडा शब्दमा जारी गरेको वक्तव्यमा 'भारतको सीमा जोडिएको छिमेकका विभिन्न भागमा अझै पनि हिंसा कायम रहनु चिन्ताजनक छ' भन्यो ।

यसविपरीत उत्तरी छिमेकी चिनियाँ विदेश मन्त्रालयका प्रवक्ता होङ लेईद्वारा जारी विज्ञप्तिमा भनिएको छ, 'नयाँ संविधान जारी गरेकामा चीन नेपाललाई हार्दिक बधाई ज्ञापन गर्छ । नेपालले राष्ट्रिय एकता, स्थायित्व र विकासको अनुभूति गर्ने अवसरका सदुपयोग गर्ने आशा छ ।' होङले नेपाललाई चीनले आर्थिक सहयोग जारी राख्ने बताए । हालैका वर्षमा चीन भारतलाई उछिनेर प्रत्यक्ष वैदेशिक लगानीको सबैभन्दा ठूलो स्रोत बनेको छ । 'चीन नेपालसँगको सम्बन्धलाई महत्त्व दिन्छ । पारस्परिक लाभका विषयमा सहयोगलाई अझ प्रगाढ बनाउन र हाम्रो क्षमताअनुसार नेपालको आर्थिक तथा सामाजिक विकासमा सहयोग गर्न चीन सदैव इच्छुक छ,' होङको विज्ञप्तिमा भनिएको थियो । इयूका प्रवक्ताले संविधानलाई भविष्यको राजनीतिक स्थायित्व र आर्थिक विकासका लागि ऐतिहासिक घटनाका रूपमा समर्थन गर्दै मधेशमा जारी अशान्तिप्रति चिन्ता व्यक्त गरे ।

विशेषगरी चीनको तिब्बती भूरणनीतिका कारण महाशक्तिको राजनीतिमा सफल हुन नेपाललाई प्रभावकारी कूटनीतिको खाँचो छ । निकटवर्ती छिमेकी चीन र भारतले विश्वको आर्थिक वृद्धिको लगभग आधा हिस्सा ओगटेका छन्, जसले दक्षिण एसियालाई नयाँ आकार दिइरहेको छ ।

राजनीतिक चिन्ता : नेकपाले आफ्नो राजनीतिक यात्रा जातीय राजनीतिबाट सुरु गरेको थियो । नेपालको इतिहासमै पहिलोपटक ०६४ को पहिलो संविधानसभा निर्वाचनमा दलितले ८.१७ प्रतिशत, महिलाले ३३.२२ प्रतिशत, जनजाति तथा जनजातिले ३३.३९ प्रतिशत र मधेशीले ३४.०९ प्रतिशत सिटको प्रतिनिधित्व पाएका थिए । ०५० मा स्थापित माओवादी ०५२ मा सुरु भएको जनयुद्ध हुँदै थुप्रै आमूल परिवर्तनबाट गुज्रिँदै लोकतान्त्रिक शक्तिका रूपमा स्थापित भएको छ ।

निवर्तमान प्रधामन्त्री प्रचण्डले संविधान संशोधनबारे कांग्रेस र एमालेलाई कडा चेतावनी दिएका छन् । 'यसले प्रतिगमन र अधिनायकवादतर्फ डोर्‍याउन सक्छ भन्नेमा म चिन्तित छु,' संसद्लाई सम्बोधन गर्ने क्रममा प्रचण्डले गल्ती स्विकार्ने र अल्टिमेटम र उत्तेजक टिप्पणीबाट टाढै रहने बताउँदै व्यक्तिगत भावना व्यक्त गर्दा थप सावधानी अपनाउने प्रतिबद्धता पनि व्यक्त गरेका छन् । सत्ताको बहिर्गमनले माओवादीको 'पावर पोलिटिक्स' अन्त्य पनि हुन सक्छ ।

०६४ पछिका १६ वर्षमा केपी ओली १४औँ प्रधानमन्त्री भएका छन् । ओलीले चौथो इनिङमा संविधान संशोधन, आर्थिक सुधार, सामाजिक चुनौती, शासन प्रणालीको राजनीतीकरण, कृषिमा क्रान्ति, भूराजनीतिक परिवर्तनअनुरूप परराष्ट्र नीतिको पुनरावलोकन, राष्ट्रिय सरकार गठनजस्ता राजनीतिक स्थायित्वका चुनौतीपूर्ण कार्यभार पाएका छन् ।

संघीयता, गणतन्त्र र धर्मनिरपेक्षतासहित राजनीतिक व्यवस्थालाई माओवादीसँग शत्रुतापूर्ण सम्बन्धका कारण मान्यता नदिए पनि नयाँदिल्लीले सातदलीय गठबन्धन र माओवादीको सुनियोजित फ्युजनलाई आत्मसात् भने गरेको छ । नेपालमा भएका विभिन्न राजनीतिक परिवर्तनमा पश्चिमा र युरोपेली राष्ट्रहरू शान्ति प्रक्रिया र राजनीतिक प्रणालीका सम्बन्धमा सन्तुलित थिए । ०७२ को संविधानले समावेशीकरण, संघीयता, लैंगिक समानता र नागरिकतालाई आत्मसात् गर्दै मुख्य मुद्दालाई सम्बोधन गर्ने प्रयास गरेको थियो । नागरिकताका मापदण्ड, स्थानीय शासनका प्रावधान र विशेषगरी प्रदेशका सीमाको सीमांकनका मुद्दा बेवास्तामा परे ।

अबको बाटो : गठबन्धन सरकारलाई फ्याँकी राष्ट्रिय सरकार गठन गर्ने बताएका कांग्रेस र एमालेले राजनीतिक अस्थिरता, भ्रष्टाचारको संस्थाकरण, संस्थाहरूको चरम राजनीतीकरण, विदेश नीतिमा विचलनलगायत अन्य संकटका साथ संवैधानिक कमजोरीसमेत सच्याउने अभिव्यक्ति दिएका छन् । ०७२ को संविधानलाई चीनको समर्थन छ भने भारत र युरोपेली संघ (इयू) को यसको मूल भावनाप्रति समर्थन भए पनि विशेषगरी तराई र देशका अन्य भागमा मधेशी र थारू समुदायबाट ५७ जनाको ज्यान गएको भन्दै समावेशिताबारे चासो छ । प्रदेशहरूको सीमा, प्रतिनिधित्व, निर्वाचन क्षेत्र निर्धारण र नागरिकतासम्बन्धी धारामा उनीहरूको असहमति छ ।

वर्तमान सरकार गठनसँगै संविधान संशोधन र मानव अधिकार रक्षा मुख्य मुद्दा बनेका छन् । साथै राजनीतिक प्रणाली र शासन प्रणालीमा सुधार गरी समावेशिता, राष्ट्रिय पहिचान, आर्थिक वृद्धिलाई सही सम्बोधन गर्न राष्ट्रिय सरकार गठन गरिएको भनिएको छ । आन्तरिक राजनीतिक-आर्थिक-सुरक्षा-सामाजिक-कूटनीतिक अस्तव्यस्ततामा रहेको अवस्थामा बदलिँदो विश्व व्यवस्थालाई कसरी सम्बोधन गर्ने ? भन्ने नै आधारभूत प्रश्न हो । विगत २५५ वर्षमा नेपालले कसरी काम गर्‍यो, त्यसको सिपिएपछि के-के भयो, त्योसँगै मूल्यांकन गर्न आवश्यक छ । राष्ट्रिय आवश्यकता राष्ट्रिय नीतिहरूबाट गायब छन् ।

नेपालले राजनीतिक तथा आर्थिक मोडेलमा कमजोरी रहेको कुरा गरिरहँदा यो क्षेत्र र विश्व भूराजनीतिक रूपमा थप अशान्त छ । कुल गार्हस्थ उत्पादनको वृद्धिदर सुस्त छ तर ८० लाखभन्दा बढी आप्रवासी कामदारका कारण विदेशी मुद्रा सञ्चिति भने कायम छ । स्वदेशमा आर्थिक अवसर छैन । असल राजनीतिक र असल वित्तीय प्रणालीको अभाव, समष्टिगत आर्थिक नीतिको अपर्याप्तता, अपूर्ण रणनीतिक संरचना, कमजोर प्राविधिक प्राथमिकता आदि सबै अनैतिक विकासका परिणति हुन् । संस्थागत भ्रष्टाचारलाई रोकथाम र सजायको विधिद्वारा सम्बोधन गर्ने अवसर छन् । जवाफदेहितालाई प्रभावकारी कार्यसम्पादनको साधनका रूपमा प्रयोग गर्न सकिन्छ । समयमै लक्ष्य पूरा गर्न र राजस्व वृद्धिका लागि जवाफदेहिता महत्त्वपूर्ण छ । जवाफदेहिता वृद्धि र विश्वासलाई प्रोत्साहित गर्ने मानसिकतालाई बढावा दिनु दोषारोपण होइन ।

दोस्रो हो, मेरिटोक्रेसी अर्थात् व्यावहारिकता र इमानदारीका माध्यमबाट संस्थाहरूको व्यावसायिकीकरण । प्रिन्सिपल र मोडेलले नै आज सिंगापुरलाई यहाँ ल्याइपुर्‍याएको हो । तेस्रो, नेपालको राजनीतिक प्रणाली र शासकीय प्रणालीमा परिवर्तन आएको त छ, तर राजनीतिक विश्वसनीयता, कूटनीतिक विश्वसनीयता, आर्थिक अखण्डताका दृष्टिले थप अविश्वसनीय बनेको छ । चौथो, अमेरिका र पश्चिमा मुलुक हिन्द-प्रशान्त क्षेत्रमा केन्द्रित भइरहेछन् भने चीन र भारत उत्तर-दक्षिण सहयोग र दक्षिण-दक्षिण सहयोगमार्फत राजनीतिक तथा आर्थिक हैसियत प्राप्त गरिरहेका छन् । यस्तो समयमा एक्काइसौँ शताब्दीका चुनौतीलाई सम्बोधन गर्न विदेश नीतिको पुनरावलोकन गर्नु पर्नेछ । असंलग्न आन्दोलन शीतयुद्धमा जस्तै प्रभावशाली गुटको छायाँमा पुगेर समाप्त हुनेछ । नेपालको कूटनीतिक खोजीले 'ग्लोबल इन्भाइरोन्मेन्ट'लाई प्राथमिकता दिनुका साथै चीनसँग सीमा जोडिएका १४ देशलाई 'शान्ति क्षेत्र/देश' वा 'सक्रिय असंलग्न नीति'का साथ लोकतान्त्रिक मूल्य-मान्यताका शक्तिहरूको सहयोगमा नेतृत्व गर्ने मोडेल प्रदर्शन गर्नुपर्छ ।

अन्त्यमा, सम्पूर्ण सामाजिक समूहसँग उनीहरूका सांस्कृतिक तथा धार्मिक अभ्याससँग विश्वास पुनर्निर्माण आवश्यक छ । दोस्रो, उत्तेजक भाषण र हिंसाबाट टाढा रहनुपर्छ । तेस्रो, संसद्मा प्रतिनिधित्व गर्ने सबै प्रतिस्पर्धीप्रति खुला दृष्टिकोण राख्नुपर्छ । नेपालको आर्थिक विकास र नेपाली निर्मित राजनीतिक एवं शासकीय प्रणालीका लागि राष्ट्रिय सरकारको खोजीमा रहेको यो बखत राजनीतिक इच्छाशक्ति र रचनात्मक कूटनीति नै सही प्रतिक्रिया हुनेछ । शत्रुतापूर्ण, सुरक्षामा आधारित राजनीतिक एवं आर्थिक सम्बन्धतर्फ लाग्नु समस्यारहित हुनेछैन । भूराजनीतिले काम गर्ने विभिन्न तौरतरिका हुन्छन्, तर हेक्का के राख्नुपर्छ भने अन्तर्राष्ट्रिय राजनीतिमा कुनै स्थायी मित्र वा शत्रु हुँदैनन्, केवल स्थायी स्वार्थ हुन्छन् ।

नयाँ पत्रिका दैनिकबाट

# सेयर बजार ११३ अङ्कले बढ्यो



काठमाडौँ । मौद्रिक नीतिको प्रभाव सेयर बजारमा स्पष्ट रूपमा देखिएको छ । कारोबार सुरु भएदेखि नै बढ्न थालेको नेपाल स्टक एक्सचेन्ज (नेप्से) परिसूचक आइतबार अन्तिमसम्ममा ११३.४२ अङ्क बढेर बन्द भएको हो ।

कारोबार सुरु भए लगत्तै नेप्सेमा सकारात्मक सर्किट लागेको थियो । पहिलो सर्किटमा बजार २० मिनेट बन्द भएको थियो । त्यसपछि दोस्रो सर्किट लाग्यो र बजार ४० मिनेट बन्द भयो । ५ प्रतिशतले बढेपछि दोस्रो पटक बन्द भएको नेप्से त्यसपछि भने निरन्तर घट्ने प्रयास गर्‍यो ।

यद्यपि पुनः नेप्से सम्हालिँदै समग्रमा ४.४१ प्रतिशतले बजार बढेर बन्द भएको हो । यसक्रममा आज १४८ वटा कम्पनीको सेयर मूल्य बढ्यो । यस्तै ८७ वटा कम्पनीको मूल्य घट्यो भने ८ वटाको स्थिर रह्यो । आज १२ वटा कम्पनीको सेयर मूल्य १० प्रतिशतको वृद्धि आएको छ ।

यस्तै थप १० वटा कम्पनीको सेयर मूल्य ९ प्रतिशतभन्दा बढीले बढेको छ । आइतबार कुमारी बैंकको सेयर सबैभन्दा धेरै कारोबार भएको छ । यो कम्पनीको ३६ करोड १० लाख रुपैयाँको सेयर किनबेच भएको हो । यसपछि एनआईसी एसिया बैंकको सेयर ३४ करोड ८१ लाख रुपैयाँको किनबेच भएको छ ।

परिसूचक ४.४१ प्रतिशतले बढ्दै १५ अर्ब ८१ करोड रुपैयाँ बराबरको सेयर किनबेच भएको दिन लघुवित्त समूहको सूचक भने घटेको छ । यो समूहको सूचक १० अङ्कले घटेको हो । यस्तै ४ करोड ३ लाख कित्ता सेयर किनबेच भएको छ । यसैगरी कारोबार भएकामध्ये १२ वटा समूहको वृद्धि देखिएको छ ।

जीवन बिमा समूहमा ५१९ अङ्कको वृद्धि आउँदा निर्जीवन बिमा समूहको सूचक ३४५ अङ्कले बढेको छ । यस्तै विकास बैंक समूह २४५ अङ्कले बढेको छ भने बैंक समूह १४१ अङ्कले बढेको छ । यसबाहेक सबैजसो समूहमा समेत वृद्धि आएको छ ।

नेपाल राष्ट्र बैंकले लिएको १५-२० को नीतिका कारण बजार बढ्न नसकेको लगानीकर्ताको भनाई थियो । तर, शुक्रबार को मौद्रिक नीतिसँगै यो भनाइ अब हटेको छ । केन्द्रीय बैंकले ल्याएको मौद्रिक नीतिमार्फत संस्थागत लगानीकर्तालाई लगाइएको २० करोडको सीमा हटेको छ ।

व्यक्तिगततर्फको १५ करोडको सीमा रहे पनि यसले बजारमा तात्त्विक भिन्नता नल्याउने लगानीकर्ताको भनाइ छ । मौद्रिक नीतिको प्रभाव स्वरूप नै नेप्से परिसूचक उच्च अङ्कले बढेको हो । यससँगै नेप्से परिसूचक २६८१.४२ अङ्कको बिन्दुमा पुगेको छ ।

# संसारकै घातक खानेकुरा, लिन्छ वर्षैनि २० हजारको ज्यान



थाइल्याण्ड र लाओसमा निकै लोकप्रिय परम्परागत खानेकुरा 'कोइ प्ला'लाई विश्वकै सबैभन्दा घातक खाना मानिन्छ । यो खानेकुरा खाँदा हरेक वर्ष करीब २० हजार जना मानिसको ज्यान जाने गरेको छ ।

लाओसका साथै थाइल्याण्डको इसान क्षेत्रका मानिसहरुले सलादको रुपमा खाने 'कोइ प्ला' तयार गर्दा किमा बनाइएको काँचो माछा, कागतीको रस, जडीबुटी र मसला मिसाइन्छ ।

यो परिकार यति धेरै खतरनाक हुनुको मुख्यकारण नै काँचो माछाको किमा हो भन्ने कुरा सहजै अनुमान गर्न सकिन्छ । वास्तवमा माछाको मासुमा हुने परजिवीले नै यो परिकारलाई घातक बनाएको हुन्छ ।

मेकोंग नदी बेसिनमा पाइने माछाबाट 'कोइ प्ला' बनाइन्छ । ती माछाहरु प्रायः लाइभ फ्लुक भनिने फित्ते जुकाबाट संक्रमित हुन्छन् । यी परजीवि मानिसको शरीरमा प्रवेश गरेपछि पित्त नलीको क्यान्सर अर्थात् कोलान्जियोकार्सिनोमाको प्रमुख कारक बन्दछन् । जसका कारण थाइल्याण्डमा मात्रै बर्सेनि २० हजार मानिसको मृत्यु हुने गरेको छ ।

थाइल्याण्डको खोन काएन विश्वविद्यालयका कलेजो शल्यचिकित्सक नारोंग खुन्टिकेओ भन्छन्- 'यस क्षेत्रमा यो निकै ठूलो स्वास्थ्य समस्या बनिरहेको छ । तर मानिसहरु रुखको पात झरेझैँ गरी चुपचाप मर्ने हुनाले यस बारेमा कसैलाई पनि थाहा छैन ।'

उनका बुवाआमा पनि जीवनभर यो परिकार खाएकै कारण पित्तनलीको क्यान्सर भएर मरेका थिए ।

त्यसैले उनी उत्तर पूर्वी थाइल्याण्डको ग्रामीण क्षेत्रमा गएर मानिसहरुलाई सो सस्तो तथा खतरनाक परिकारका विषयमा जनचेतना प्रदान गर्ने काम गरेका थिए । तर इसान क्षेत्रमा यो परिकार यति धेरै लोकप्रिय छ कि मानिसहरुलाई यो खानबाट रोक्न निकै मुस्किल छ ।

आखिर जे भए पनि मर्नु त पर्छ नै भन्दै मानिसहरुले यो खाना खाइरहेका छन् भने माछा पकाएपछि यसको स्वाद नै हराउँछ भन्दै काँचो माछा नै प्रयोग गर्ने गरेका छन् । अझ पुरानो पुस्ताका मानिसहरुलाई यो खानेकुराको बानी छोडाउन गाह्रो छ ।

*–एजेन्सी*



**नेत्रविक्रम चन्द 'विप्लव' समूहको व्यवसायिक खेती:**
दाङको घोराही उप-महानगरपालिका-१६ स्थित गरुवागाउँमा नेत्रविक्रम चन्द 'विप्लव' नेतृत्वको नेपाल कम्युनिष्ट पार्टी दाङको आयोजनामा सामूहिक रोपाइँ गर्न शनिबार धानको बीउ काढ्दै सहभागी पार्टीका नेता तथा कार्यकर्ता। नेत्रविक्रम चन्द 'विप्लव' नेतृत्वको नेकपा दाङले गरुवागाउँमा साढे तीन बिगाह जमिन भाडामा लिई व्यवसायिक रुपमा खेती गर्दै आएको छ। तस्विरः कुलदीप न्यौपाने/रासस

# निजीभन्दा अब्बल बन्दै सरकारी विद्यालय

गलकोट (बागलुङ)। कुनै समय ओफेलमा परेको बागलुङ नगरपालिका-८ सिगानाको सिगाना माध्यामिक विद्यालय लामिचौर तीन वर्ष यता चर्चामा छ। झट्ट हेर्दा जिल्ला सदरमुकाको निजी विद्यालयभन्दा राम्रो देखिने त्यही विद्यालयमा तीन वर्ष अघि शौचालय र खानेपानीको समेत अभाव थियो।

तर पछिल्लो समय सुविधासम्पन्न भवन, कक्षाकोठा, बाल उद्यान, बालमैत्री शौचालय, बगैँचाले सिङ्गारिएको प्राङ्गणले विद्यालयको वातापरण मनमोहक बनेको छ। विद्यालयको शैक्षिक गुणस्तरका लागि सुविधासम्पन्न भौतिक पूर्वाधार पहिलो प्राथमिकता भएकाले विद्यालयले तीन वर्षयता पूर्वाधार निर्माणमा जोड दिएको छ। विद्यालयको पूर्वाधारसँगै प्रविधिमैत्री शिक्षण सिकाइ, अतिरिक्त कक्षा, बाल उद्यान, प्रयोगशाला, कम्प्युटर ल्याबलगायत सुविधाका कारण विद्यार्थीको शैक्षिक गुणस्तरमा समेत वृद्धि भएको छ।

शैक्षिक गुणस्तर बढाउन अतिरिक्त कक्षा र प्रविधिमैत्री शिक्षामा जोड दिइएको छ। जस्तापाताले छाएर छाप्रामा अध्ययन-अध्यापन गर्ने समयमा उक्त विद्यालयमा शौचालय अभाव थियो। विद्यालयले तीन वर्षमै पूर्वाधारमा मात्र होइन बागलुङ नगरकै पहिलो बालमैत्री विद्यालयको परिचय बनाएको छ। विसं २०१० सालमा चन्द्रबहादुर थापाले स्थापना गरेको उक्त विद्यालयलाई अहिले उनकै छोरा टीकाराम थापाले हाँकिरहेका छन्। बुबाले स्थापना गरेको विद्यालयलाई नमूना बनाउन शहरबाट गाउँ फर्केर विद्यालय व्यवस्थापन समितिको अध्यक्षको जिम्मेवारी बहन गरेको उनको भनाइ छ। थापाले आफ्नो तीनवर्षे कार्यकालमा रु एक करोड ३२ लाख खर्चेर विद्यालयलाई भौतिक पूर्वाधारमा नमूना बनाउँदै प्रविधिमैत्री शिक्षालाई जोड दिएको बताए।

भौतिक पूर्वाधार थपिएपछि विद्यार्थीको संख्यामा वृद्धि भएको छ। तीन वर्षमा राष्ट्रपति शैक्षिक सुधारअन्तर्गत रु ५० लाख लागतमा चारकोठे भवन निर्माण, राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमअन्तर्गत रु १८ लाखमा दुईकोठे भवन निर्माण, पुनःनिर्माण प्राधिकरणबाट पाप्त रु १५ लाखको लागतमा अपाङ्ग र बालमैत्री शौचालय निर्माण, पुनःनिर्माण प्राधिकरणकै रु सात लाखमा शुद्ध खानेपानीको व्यवस्था गर्न सफल भएको थापाको भनाइ छ।

यस्तै, गण्डकी प्रदेश सरकारको सहयोगमा रु सात लाखमा कक्षा कोठामा स्मार्ट टिभीसहितको अध्यापनको व्यवस्था, बागलुङ नगरपालिकाको रु आठ लाख लागतमा एक शिक्षक एक ल्यापटप, कम्प्युटर र विज्ञान प्रयोगशाला र देउसीभैलोबाट सङ्कलन भएर बचत भएको रु २७ लाखबाट बाल उद्यान, प्रवेशद्वार, तारबार, खानेपानीलगायतको व्यवस्था गरिएको अध्यक्ष थापाले बताए। "विद्यालय ऋणमा डुबेको थियो, भौतिक पूर्वाधारको अभाव थियो, खानेपानी र शौचालयको राम्रो व्यवस्था थिएन, बसाइँसराइको प्रभावले विद्यार्थी घट्दै थिए, दलित समुदायका विद्यार्थी पोसाकबिना आउने गर्दथे," उनले भने-"एक पटक गाउँ फर्केर विद्यालयमा सुधार गर्नुपर्‍यो भन्ने सोँच आयो, सबैले साथ दिए, देउसीभैलो खेलेर सङ्कलन गरेको रकमले विद्यालयको भौतिक र शैक्षिक सुधारमा खर्च गरियो।"

अधिकांश दलित समुदायका विद्यार्थीले अध्ययन गर्ने विद्यालयलाई नमूना बनाउन थापाको अभियानलाई शिक्षक अभिभावक सङ्घका अध्यक्ष गोविन्दप्रसाद गौतम, स्थानीय जनप्रतिनिधि, बागलुङ नगरपालिका र अभिभावकको आर्थिक, भौतिक र नैतिक सहयोग रहेकाले विद्यालयले मुहार फेर्न सफल भएको वडा सदस्य मनबहादुर नेपालीले जानकारी दिए। रासस

# दाङमा आठ सय ७७ वटा व्यावसायिक फर्म बन्द

घोराही (दाङ)। आर्थिक वर्ष २०८०/८१ मा सञ्चालन खर्च धान्न नसकेर दाङमा आठ सय ७७ वटा व्यावसायिक फर्म बन्द भएका छन्। व्यवसाय बन्द गर्ने र खोल्नेको संख्या समान छ। घरेलु तथा साना उद्योग कार्यालयमा उत्पादनमूलक, कृषि तथा वनजन्य, ऊर्जामूलक, खनिज जन्य, निर्माण उद्योग, सेवामूलक र सूचना तथा प्रविधिसम्बन्धी उद्योग दर्ता भएका छन्। नयाँ दर्ता गर्नेको संख्या र बन्द गराउनेको संख्या उस्तै रहेको घरेलु तथा साना उद्योग कार्यालयका प्रमुख सन्तोषकुमार सुवेदीले बताए।

दर्ता भएका उद्योगमध्ये कृषि तथा वनजन्यमा वृद्धि भएको उनले जनाए। सञ्चालन घाटा भएपछि उद्योगको लगत कट्टा गर्नुपरेको व्यवसायीले बताएका छन्। यो अवधिमा चार सय ७१ वटा उद्योग बन्द भएका छन्। समीक्षा अवधिमा पाँच सय ९६ वटा फर्म दर्ता भएकामा पाँच सय ९२ वटा निजी र चारवटा साझेदारी फर्म छन्। एक हजार चार सय ५७ वटा फर्मको नवीकरण भएको छभने दुई सय ९२ वटाले पुँजी वृद्धि गरेका छन्।

एक वर्षमा पाँच सय १३ वटा उद्योग थपिएका छन्। थपिएका उद्योगमा पाँच सय ४८ जना नयाँ उद्यममा दत्तचित्त भएर लागेका छन्भने एक हजार पाँच सय ६२ जनाले रोजगारी प्राप्त गरेका घरेलु तथा साना उद्योग कार्यालयले जनाएको छ। एक हजार एक सय ५६ वटा उद्योगले नवीकरण भएका छन्। यो अवधिमा उत्पादनमूलक उद्योग ९८ वटा थपिएका छन्।

कृषि तथा वनजन्य उद्योग दुई सय ३१ वटा थपिएका छन्। पर्यटन उद्योगतर्फ ६१ वटा थपिएका छन्। सेवामूलक उद्योगको संख्या एक सय २३ पुगेको छ।

# रु १६ अर्ब ९३ करोडको विद्युत् निर्यात, नेपाल बन्यो खुद विद्युत् निर्याकर्ता



काठमाडौँ। आर्थिक वर्ष २०८०/८१ मा रु १६ अर्ब ९३ करोड बराबरको विद्युत् भारततर्फ निर्यात भएको छ। नेपाल विद्युत् प्राधिकरणले गत आवमा एक अर्ब ९४ करोड २६ लाख युनिट विद्युत् भारतर्फ निर्यात गरी रु १६ अर्ब ९३ करोड २६ लाख आम्दानी गरेको हो।

प्राधिकरणले देशभित्र खपत गरी अतिरिक्त भएको विद्युत् भारतीय ऊर्जा एक्सचेन्ज (आइएक्स) को डे अहेड तथा रियल टाइम मार्केटमा प्रतिस्पर्धी दरमा र मध्यकालीन विद्युत् सम्झौताबमोजिम भारतीय कम्पनी एनटिपिसी विद्युत् व्यापार निगम लि-एनभिभिएनलाई बिक्री गरिरहेको छ। एनभिएनले उक्त विद्युत् हरियाणा राज्यमा बिक्री गरिरहेको छ। निर्यात गरिएको विद्युत्को औसत दर प्रतियुनिट आठ रुपैयाँ ७२ पैसा छ।

प्राधिकरणले गत आवमा रु १६ अर्ब ८१ करोड तीन लाखको विद्युत् आयात गरेको जनाएको छ। सुक्खायाममा खोला तथा नदीहरुमा पानीको बहाव घटी देशभित्रका नदी प्रवाही जलविद्युत्गृहबाट विद्युत् उत्पादन घट्ने हुँदा माग धान्न गत आवमा भारतबाट एक अर्ब ८३ करोड ३५ लाख युनिट विद्युत् आयात गरिएको हो। हिउँदयाममा आयात गरिएको विद्युत्को औसत दर प्रतियुनिट नौ रुपैयाँ १७ पैसा छ।

गत आवमा आयातभन्दा रु १२ करोड २३ लाखको बढी विद्युत् भारततर्फ निर्यात भएको छ। यसैगरी, ऊर्जाका आधारमा आयातभन्दा १० करोड ९१ लाख लाख युनिट बढी विद्युत् निर्यात भएको हो। निर्यात गरिएको परिमाण आयातभन्दा बढी भएकाले भारतीय प्रतिस्पर्धी बजारमा प्रवेश पाएको तीन वर्षमा नै नेपाल विद्युत्को खुद निर्यातकर्ता बनेको छ। आव २०७९/८० मा भारतबाट रु १९ अर्ब ४४ करोड ४० लाखको विद्युत् आयात भएको थियो भने रु १० अर्ब ४५ करोड ५० लाखको निर्यात गरिएको थियो।

प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले आगामी केही वर्ष अझैँ हिउँदका केही महिनाको आन्तरिक माग व्यवस्थापन गर्न विद्युत् आयात गर्नु परे पनि निर्यातको परिमाण बढ्दै जाने बताए। "छ/सात वर्षअघिसम्म विद्युत् आयातकर्ताको मात्र अवस्था थियो, तीन वर्षअघिबाट भारतीय प्रतिस्पर्धी बजारमा विद्युत् निर्यात सुरु गरे पनि निर्यातभन्दा आयात बढी भई खुद आयातकर्ता बन्ने अवस्था थियो", उनले भने-"गत आवबाट खुद आयातकर्ताबाट निर्यातकर्ता बन्ने अवस्था बनेको छ, थोरै परिमाणमा खुद निर्यातकर्ता भए पनि यो महत्वपूर्ण उपलब्धि हो, ऊर्जा क्षेत्रका लागि एउटा कोसेढुङ्गा हो।"

विद्युत्को पर्याप्त उपलब्ध हुँदा देशभित्र विद्युतीय सवारी साधन र इन्डक्सन चुलोको प्रयोगले पेट्रोलियम पदार्थको आयातमा गिरावट आएको कार्यकारी निर्देशक घिसिङले बताए। "विद्युत् निर्यात परिमाण बढ्दा नेपाल र भारतबीचको व्यापार घाटा कम गर्न योगदान पुगेको छ, यसबाट देशको विदेशी मुद्रा सञ्चितिमा पनि सकारात्मक प्रभाव परेको छ।"- उनले भने। नेपालले भारतको इनर्जी एक्सेचेन्जको डे अहेड मार्केटमा सन् २०२१ मे १ मा प्रवेश पाएको थियो। सुरुमा विद्युत् आयात अनुमति पाएको नेपालले सन् २०२१ नोभेम्बर ३ मा निर्यातकर्ताका रुपमा पनि प्रवेश पाएको थियो।

हाल नेपालले मिडियम टर्म, डे अहेड र रियल टाइम मार्केटमा दैनिक करिब सात सय मेगावाट विद्युत् भारतमा बिक्री गरिरहेको छ। प्राधिकरणले १६ वटा आयोजनाबाट उत्पादित छ सय ९० मेगावाट विद्युत् निर्यात अनुमति पाएको हो।

कार्यकारी निर्देशक घिसिङले मध्यकालीन सम्झौताअनुसार थप चार सय मेगावाट विद्युत् निर्यात अनुमति पाउने चरणमा रहेको उल्लेख गरे। "हरियाणा र विहार राज्यलाई बिक्री गर्ने गरी थप चार सय मेगावाट विद्युत् निर्यात गर्न भारतको सम्बन्धित निकायबाट अनुमति आउने चरणमा छ, बङ्गलादेशसँग पनि छिट्टै सम्झौता गरी यसै वर्षबाट ४० मेगावाट निर्यात गर्दैछौँ।"-उनले भने। 'लिऊँ या तिर' सर्तसहित विद्युत् खरिद बिक्री सम्झौता गरिएका निजी क्षेत्रका जलविद्युत् आयोजनाबाट उत्पादित विद्युत् प्रसारण लाइनमा समस्या आउँदाको अवस्थामा बाहेक सारभूत रुपमा खेर नगएको उनले जानकारी दिए।

**बुटवलका...**

सुशासनको क्षेत्रमा पैरवी गर्दै आएको संस्था ट्रान्सपरेन्सी इन्टरनेसनल रुपन्देहीका पूर्व अध्यक्ष अधिवक्ता महेन्द्र पाण्डेयले नगरप्रमुख वा उपप्रमुखले यसरी अबण्डामा ठूलो रकम राखेर आफूखुशी बाँड्नु गैरकानूनी र अनैतिक हुने बताउँछन्। 'नागरिकले तिरेको करको रकममा आफ्नो नाम जोडेर विना शिर्षक बजेट छुट्टाएर आफू अनुकूलका व्यक्ति र संस्थालाई बाँड्नु कानुनी, बजेटरी र सार्वजनिक वित्तको सिद्धान्त विपरीत मात्र हैन संघ र प्रदेशको कानूनको पनि बर्खिलाप हो,'-अधिवक्ता पाण्डेयले भने-'यसरी बाँडिने रकमको खर्च अपारदर्शी, अनुत्पादक र स्वार्थप्रेरित हुन्छ, तीनै तहमा यसरी रकम बाँड्न बन्देज लगाउनुपर्छ।' यसरी बाँडिएको बजेटका विषयमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा समेत उजुरी परेको तथा महालेखा परीक्षकको कार्यालयले समेत यस्तो वितरण गलत भएकोले रोक्न भनेको थियो।

**स्याङ्जाका...**

आधारभूत तथ्याङ्क संकलन नगर्ने, वार्षिक प्रतिवेदन समेत तयार नगर्ने, योजनागत खाता नराख्ने, राजस्व परामर्श समिति नबन्नु, श्रोतको अनुमान र बजेट सिमा नहुनुले बेरुजु बढ्नका साथै बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठी गरेर बजेटलाई वितरण गर्नु स्थानीय पालिकाको चुनौती रहेको महालेखाले हालै प्रकाशन गरेको प्रतिवेदनले जनाएको छ।

जनप्रतिनिधिले कार्यकर्ता पोस्न वा वितरणमुखी बजेट विनियोजन गर्दा बेरुजु बढ्दै गएको महालेखाले औँल्याएको छ। बजेटको पूर्व तयार, लेखाको मान अनुसार भुक्तानी नहुँदा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४ (२) अनुसार सार्वजनिक खरिद नियमावली समेत बनाउन नसक्दा बेरुजु बढ्ने क्रममा रहेको प्रतिवेदनमा उल्लेख गरिएको छ।

**बुटवल सुनचाँदी व्यवसायी संघ**
बुटवल, रुपन्देही
मितिः २०८१/०४/१३ को
**सुनचाँदीको बजारभाउ**
छापा सुन प्रति तोला : १,४६,२००
तेजावी सुन प्रति तोला : १,४५,५००
चांदी प्रति तोला :१,७७०

**विमा लेख हराएको सूचना**

मेरो निम्न विवरण भएको लाईफ इन्स्योरेन्स कर्पोरेशन नेपाल लिमिटेडको विमा लेख मिति २०८१।०३।२२ गते रामग्राम वडा नं. ८ घरदेखि परासी आउने क्रममा हराएको हुदाँ फेला पार्नु हुने महानुभावहरूले नजिकैको प्रहरी कार्यालय वा निम्न ठेगानामा खबर वा सम्पर्कमा गरिदिनु हुन बिनम्र अनुरोध छ।

नामः रामशरण गिरी
ठेगानाः रामग्राम न .पा .वडा नं. ८, नवलपरासी
बिमालेख न. : १५००१२१८२
मोबाइल न. : ९८५७०४६९२२

**Madhyabindu Municipality**
**Office of Municipal Executive**
**Madhyabindu-7, Chormara, Nawalparasi(East of BardghatSusta)**
**Gandaki Province, Nepal**

## Invitation for Bid

First Date of publication: 2024-7-29

1. Madhyabindu Municipality has own resources and has allocated funds towards the cost of Civil works and intends to apply the funds to cover eligible payments under the Contract and is open to all eligible Nepalese Bidders.
2. Madhyabindu Municipality invites Electronic Bids from eligible bidders for the following Civil work.
3. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at office of Madhyabindu Municipality, Office of Municipal Executive, Chormara, Gandaki Province, Nepal. Ph: 078-410125 or may visit PPMO website www.bolpatra.gov.np/egp.
4. Bidder shall download the bidding documents for e-submission from PPMO's Web Site www.bolpatra.gov.np/egp. Bidders should deposit the cost amount mentioned above as a non-refundable fee of bidding document in the Project's Rajaswa (revenue) account as specified above and the scanned copy (pdf format) of the Bank deposited voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids.

| Identification No. | Description of work | Procurement Type | Estimate Amount (Without VAT and PS) | Cost of Bidding Document Nrs. | Bid security Amount Nrs. | Validity for bid documents /bid security | Last Date and Time of Bid | Bid Opening Date and Time |
|---|---|---|---|---|---|---|---|---|
| 03/NCB/MB/ WORKS/ 2081/82 | Construction of Model Laboratory Infrastructure-phase II | NCB-WORKS | 3753319.13 | 3000/- | 1,00,000.00 | 90 days/ 120 days after bid opening | 2024-08-28 12.00 | 2024-08-28 14.00 |

Chief Administrative Officer

**ट्वाइलेट सफा गराउनुहोस्**
तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ।
- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस्।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस
सम्पर्कः
सीताराम सफा सेनेटरी
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

**ट्वाइलेट सफा गराउनुहोस्**
के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प,बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस्। लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ।
सम्पर्कः
तिनाउ सेनेटरी
बुटवल-१०, सुख्खानगर, रूपन्देही,
फोनः ९८५७०५८८१३,९८०७१८०८१३

**ट्वाइलेट सफा गराउनुहोस्**
सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरून्त ५ मिनेटमै हल गरी दिनेछौं।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार

प्रो. रामशाह शाहानी
विशाल सेनेटरी
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

# तरकारी व्यवसाय स्वतन्त्र पेशा हो : कृषक विपना

राधिका भुसाल

*प्यूठान*

प्यूठान नगरपालिका जिल्लाकै उर्वर खेतीयोग्य जमिन भएको पालिका हो । झिमरुक फाँटले खेतीयोग्य भूमिको ठूलो हिस्सा ओगटेको छ । नगरक्षेत्र भित्रको केही ठाउँहरुमा कृषकले व्यवसायिक रुपमा तरकारी खेती, फलफूल खेती, माछा पालन, कुखुरा पालन, मौरी पालन, अन्डा उत्पादन, दूध उत्पादन गर्दै आएका छन् । झिमरुक नदीको किनारका अधिकांश क्षेत्रहरुमा निर्वाहमुखी खेती धान र गहुँ मात्र उत्पादन हुँदै आएको छ । विस्तार जग्गामा भाडा लिएर व्यवसाय खेती गर्नेहरुको संख्या पनि बढ्दै गएको छ ।

प्यूठान नगरपालिका ८ खप्रेङखोला निवासी विपना के.सी.ले लामो समयदेखि मौसमी तथा बेमौसमी सबै जातका तरकारी उत्पादन गरी तरकारी व्यवसायमा रमाउँदै आएकी छिन् । सुरुमा होटल व्यवसाय गरेकी उनले सोही ठाउँका केही कृषकहरु तरकारी उत्पादन गरेको देखेपछि तरकारी व्यवसाय रोजाइमा परेको उनी बताउँछिन् । '२०७२ सालदेखि साढे दुई रोपनी जग्गा भाडामा लिएर तरकारी व्यवसाय सुरु गरेकी थिए,' कृषक विपनाले भनिन्-'आफ्नो हिसाबले समय मिलाएर काम गर्न सकिने हुँदा तरकारी खेती स्वतन्त्र पेशा हो ।' होटल व्यवसाय गर्दा ग्राहक कुर्नु पर्ने, बनाएर राखेका खानेकुरा बिक्री नहुँदा घाटा हुने, ग्राहक आएपछि मात्र आफू व्यस्त हुनु पर्ने थियो । अहिले मन लगाएर बिहान साँझ फर्ममा काम गरेर दिउँसो आराम गर्ने गर्दछु । आफ्नो अनुकुल मिलाएर काम गरे पनि हुने हुँदा तरकारी खेती राम्रो लागेपछि व्यवसायिक रुपमा तरकारी उत्पादन थालेको उनी बताउँछिन् । कृषक केसीले टमाटर, काँक्रा, सिमी, ब्रो काउली, बन्दा, घिरौला, खुर्सानी, लौका, करेली, भान्टा, सिम्लामिर्चलगायतका मौसमी तथा बेमौसमी तरकारीहरु उत्पादन गर्दै आएको बताइन ।



२०७७ सालमा थप विस्तार गर्दै साढे सात रोपनी जग्गा भाडामा लिएर तरकारी खेती गर्दै आएको उनी बताउँछिन् । कोरोनाकै समयमा २०७८ सालमा विपना कृषि फर्म दर्ता थप व्यवस्थित गर्दै तरकारी उत्पादनलाई बढाउँदै लगेको उनको भनाइ छ । वार्षिक ६० हजार जग्गा भाडा तिर्दै आएको उनले बताइन । बिउपल तथा बेर्ना जमाउँदा, रोप्दा, गोडमेल गर्दा आंशिक कामदार लगाउने गरेको कृषक विपनाले जनाइन । विपना दम्पती र कक्षा ९ मा अध्ययन गर्ने छोरा अभिषेकको खर्च व्यवस्थापन गर्ने मुख्य आयस्रोत नै तरकारी व्यवसाय हो । उनले फर्मबाट वार्षिक ३ लाख ५० हजारको कारोबार गर्ने र २ लाख ५० हजार आम्दानी गर्दै आएको बताउँछिन् । सुरुमा साना किसान कृषि सहकारीबाट ऋण लिइ करिब १ लाख लगानीमा तरकारी व्यवसाय सुरु गरेको उनको भनाइ छ ।

तरकारीले बजार पाउने, तर मूल्य नपाउने

ठूलो लगानी गरेर कृषि फर्म सञ्चालन गरेका कृषकहरुको मुख्य समस्या भनेको उत्पादन लागतअनुसार तरकारीले मूल्य नपाउनु हो । उत्पादन गरेको तरकारीले बजारै पाएन भन्ने गुनासो नभए पनि तराईबाट आउने तरकारी सस्तो हुने हुँदा हामीले उत्पादन गरेको तरकारीले बजार पाए पनि मूल्य नपाएको केसीले सुनाइन ।

'तराईको तरकारीमा उत्पादनमा लगानी पनि कम लाग्ने र प्रशस्तै विषादी प्रयोग गरी कम लागतमा धेरै उत्पादन गरिएको हुन्छ,' उनले भनिन्-'हामीले कम विषादी र बढी प्रांगारिक मोलको प्रयोग गर्दा कम तरकारी फल्ने गर्दछ, त्यस कारण मौसमी तरकारीले खासै मूल्य पाउँदैन ।' यससँगै दर्ता नगरी थोर थोरै तरकारी खेती गर्ने कृषकहरुको संख्या धेरै भए पनि व्यवसाय रुपमै तरकारी पेशामा लागेका कृषक खासै नभएको उनले बताउँछिन् । तरकारी खेती गर्दा सबै कृषकले एउटै उत्पादन गर्नुभन्दा फरक-फरक खालका तरकारी उत्पादन गरी एकीकृत रुपमा बजारीकरण गरेमा राम्रो मूल्य पाउनुका साथै बजार पनि पाउने कृषक केसीले बताइन ।

त्यसैगरी सोही निवासी माधवा गिरीले पनि विगत लामो समयदेखि तरकारी खेती गर्दै आएकी छिन् । टमाटर उत्पादनलाई मुख्य र अन्य मौसमी तथा बेमौसमी तरकारीहरु फलाउँदै आएको उनले बताइन । अभिशेष कृषि तथा पशुंपक्षी फर्म दर्ता गरी करिब ५ रोपनी जग्गामा तरकारी खेती गरी आम्दानी गर्दै आएको उनको भनाइ छ ।

# अनुदान कार्यक्रमले दूध उत्पादनमा वृद्धि

नवलपरासी।नवलपरासी(बर्दघाट-सुस्तापूर्व)को हुप्सेकोट गाउँपालिकाले दूध उत्पादक किसानलाई अनुदान दिन थालेपछि उत्पादनमा वृद्धि भएको छ । दूध उत्पादनमा आत्मनिर्भर बनाउने उद्देश्यले गाउँपालिकाले आर्थिक वर्ष २०७८/७९ देखि अनुदान दिन थालेपछि प्रत्येक वर्ष उत्पादनमा वृद्धि हुँदै गएको हो ।

सहकारीले सञ्चालन गरेको दुग्ध डेरीमार्फत दूध बिक्री गर्ने किसानलाई प्रतिलिटर दूधमा रु सात दशमलव ५० का दरले अनुदान रकम गाउँपालिकाले उपलब्ध गराएको हो । आर्थिक वर्ष २०८०/८१ मा ७५ हजार दुई सय दुई लिटर दूधमा रु पाँच लाख ६४ हजार १२ अनुदान रकम वितरण गरिएको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत हरिप्रसाद पराजुलीले जानकारी दिए ।

"गत आवमा सहिद प्रदुक बहुउद्देश्यीय सकारी संस्थाले २२ हजार १६ लिटर दूधमा रु दुई लाख ७३ हजार पाँच सय ३१, साना किसान कृषि सहकारी संस्थाले ३५ हजार तीन सय सात लिटर दूधमा रु दुई लाख ६५ हजार एक सय ६२ र शिवमन्दिर महिला बहुउद्देश्यीय सहकारी संस्थाले तीन हजार तीन सय ७६ लिटर दूधमा २५ हजार तीन सय १९ अनुदान लगेका छन् ।"-उनले भने ।

गाउँपालिकाले आव २०७९/८० सम्म प्रतिलिटर रु पाँच अनुदान दिँदै आएकामा गत आवदेखि अनुदान रकम वृद्धि गरेको हो । पालिकाले प्रतिलिटर रु १० अनुदान रकम उपलब्ध गराउने घोषणा गरे पनि गण्डकी प्रदेश सरकारले पनि दूधमा अनुदान उपलब्ध गराएकाले प्रदेशबाट किसानलाई प्राप्त रकम घटाएर प्रतिलिटर रु १० हुने गरी अनुदान वितरण गरिएको गाउँपालिकाका अध्यक्ष लक्ष्मीदेवी पाण्डेले जानकारी दिइन । अनुदान रकम साना किसानसम्म पुर्‍याउन एक आवमा सहकारीमार्फत बिक्री गरेको दूधको परिमाणअनुसार रकम उपलब्ध गराइएको गरिएको उनले बताइन ।

"गाउँपालिकाभित्र रहेका दुग्ध सहकारीले उपलब्ध गराएको वार्षिक तथ्याङ्कका आधारमा अनुदान दिने व्यवस्था गरेका छौँ", अध्यक्ष पाण्डेले भनिन्-"उत्पादनका आधारमा अनुदान दिने नीतिअनुरूप आर्थिक वर्ष २०७८/७९ देखि यसलाई निरन्तरता दिँदै आएका छौँ ।" उत्पादनका आधारमा अनुदान दिँदा साना किसान लाभान्वित भएका भन्दै दूध उत्पादन र पशु पाल्ने किसानको संख्या पनि वृद्धि भएको उनले जनाइन ।

"हुप्सेकोट गाउँपालिकालाई दुग्ध उत्पादनमा आत्मनिर्भर बनाउने लक्ष्यअनुसार कृषकलाई आकर्षित गर्ने कार्यक्रम अगाडि सारिएका छन्", उनले भनिन्-"गाउँपालिकाको पहाडी क्षेत्रमा पशुपालन कम हुनेहुँदा यस क्षेत्रमा दूध उत्पादन कम हुने गरेको छ ।"

आव २०७९/८० मा कूल ५७ हजार तीन सय २३ लिटर दूधमा प्रतिलिटर रु पाँचका दरले रु दुई लाख ८६ हजार छ सय १९ अनुदान रकम प्रदान गरिएको गाउँपालिकाका लेखा अधिकृत राजेन्द्रप्रसाद रेग्मीले जानकारी दिए ।

"सो वर्ष सहिद प्रदुक बहुउद्देश्यीय सहकारीले २२ हजार १६ लिटर दूधमा रु एक लाख १० हजार ८० र साना किसान कृषि सहकारीले ३५ हजार तीन सय सात लिटर दूधमा रु एक लाख ७६ हजार पाँच सय ३९ अनुदान पाएका थिए ।"-उनले भने ।

चालु आर्थिक वर्षमा पनि दूधमा अनुदान कार्यक्रमलाई निरन्तरता दिइएको प्रमुख प्रशासकीय अधिकृत पराजुलीले बताए । किसानका पक्षमा हुप्सेकोट गाउँपालिकाले गरेको काम प्रशंसनीय रहेको पशुपालक किसानले बताएका छन् । सोझै किसानको हातमा रकम जाने यो कार्यक्रमले किसानलाई केही मात्रामा भए पनि राहत दिएको कृषकको भनाइ छ ।

# रेसुङ्गा विमानस्थलमा एक महिनादेखि उडान अवरुद्ध



गुल्मी । जिल्लाको रेसुङ्गा विमानस्थलमा एक महिनादेखि हवाई उडान प्रभावित बनेको छ । वर्षाको समयमा पानी परिरहने र बाक्लो कुहिरो लाग्ने भएकाले असार दोस्रो सातादेखि उडान अवरुद्ध बनेको रेसुङ्गा विमानस्थलका प्रमुख सुमन थापाले जानकारी दिए ।

उनका अनुसार पछिल्लो समयमा साताको तीनपटक नियमित उडान गर्दै आएको नेपाल एयरलाइन्सले असार १४ गतेपछि उडान गर्न सकेको छैन । रेसुङ्गा(काठमाडौँ र काठमाडौँ-रेसुङ्गाका लागि टिकट काटेका यात्री दैनिक विमानस्थल पुगेर फर्किने गरेको बताउँछन् ।

मौसममा सुधार नआउँदासम्म नियमित उडानमा समस्या हुने भएकाले यात्रीको सुरक्षालाई ध्यान दिँदै उडान रोकिएको प्रमुख थापाले बताए । गुल्मीको रेसुङ्गा विमानस्थल निगमको १८ सिट क्षमताको ट्विनअटर जहाजले उडान गर्दै आइरहेको छ । काठमाडौँबाट बिहान ६:३० बजे र रेसुङ्गा विमानस्थलबाट बिहान ७:३० बजे नियमित उडान तालिका छ ।

सोही तालिकाअनुसार निगमले काठमाडौँबाट रेसुङ्गा लागि रु सात हजार पाँच सय र रेसुङ्गाबाट काठमाडौँका लागि रु सात हजार तीन सय भाडादर निर्धारण गरेको छ । जिल्लामा गत वर्षदेखि व्यावसायिक रुपमा हवाई उडान सुरु गरिएको थियो । रेसुङ्गा विमानस्थलमा दिउँसोको समयमा अत्यधिक हावा चल्ने भएकाले प्राविधिक दृष्टिकोणले बिहान ११ बजेसम्म मात्र उडान भर्न उपयुक्त मानिन्छ । पछिल्लो समयमा हवाई उडान सुरु भएसँगै जिल्लामा आउने आन्तरिक एवं बाह्य पर्यटकको संख्यामा समेत वृद्धि हुँदै गएको छ ।

रेसुङ्गा विमानस्थलबाट काठमाडौँका लागि एक वर्षमा एक सय २५ उडान भइसकेका विमानस्थल कार्यालयले जनाएको छ । उक्त विमानस्थल सदरमुकाम तम्घासबाट पाँच किलोमिटरको दूरीमा पर्दछ ।

लामखुट्टेबाट सर्ने रोगबाट बचौं ।
-लामखुट्टेको टोकाईबाट औलो (मलेरिया), डेंगी, कालाजार, जापानीज इन्सेफलाइटिस जस्ता संक्रामक रोग लाग्न सक्दछ ।
-लामखुट्टेको टोकाइबाट बच्न आवश्यक उपायको अवलम्बन गरौं ।
-घर वरिपरि पानी जम्न नदिऔं ।
-घर तथा गोठ वरिपरि सफा सुग्घर राखौं ।
-गोठ तथा खोर घरभन्दा टाढा राखौं ।
लामखुट्टेको टोकाइबाट बचौं र बचाऔं ।
नेपाल सरकार
विज्ञापन बोर्ड

प्रो. मञ्जु एण्ड सन्स्
फोन: ०७१-५३५३१७
९८५७०६०३६८, ९८५७०६०३८४
न्यू कुमकुम ज्वेलर्स
वि.पि. चोक, बुटवल-४, रुपन्देही



स्वदेशी तथा विदेशी डिजाईनका शुद्ध सुन चाँदीबाट बनेका गर-गहनाको एकमात्र विश्वासिलो पसल
विगत १५ वर्षदेखि तपाईको सेवामा समर्पित
पुराना गहनाहरु संग नयाँ गहना साट्नुका साथै खरिद बिक्री गर्नुपरेमा हामीलाई सम्झनुहोस्

ट्वाइलेट सफा गराउनुहोस्
बुटवल सेनेटरी प्रा.लि.
९७४५४०५९७३, ९८०७४०९८५२
सेफ्टी टंकी, रिङ्ग सफा गर्नु परेमा तथा सेनेटरी सम्बन्धी कुनै पनि काम परेमा हामीलाई सम्पर्क गर्नुहोस् ।
मनिषा सेनेटरी ९८५११९७९६६, ९८४७१२४१९५
शर्वेस सेनेटरी ९८४७०३९१४३, ९८५७०३४३८३
रियुस सेनेटरी ९८११४२८७३०
रेसुङ्गा सेनेटरी/रेसुङ्गा वाटर सप्लायर्स ९८५७०५७०७०

आकर्षक डिजाइन तथा छपाई
सबै किसिमका रंगिन तथा सादा डिजाइनका साथै सम्पूर्ण छपाईको लागि सधैं हामीलाई सम्झनुहोस्
सम्पर्क:
आइडिया डिजाइनर्स/अफसेट प्रेस
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोन:-०७१-५५०२९३
मो.९८५७०३५३८०, ९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

नेपाल सरकारद्वारा मान्यता प्राप्त पश्चिम नेपालकै पहिलो बहु विशेषज्ञ दन्त अस्पताल
आले डेण्टल हस्पिटल प्रा. लि.
श्रवणपथ, बुटवल-६, रूपन्देही, नेपाल (भुड्कीचोक देखि ५० मिटर पूर्व)
071-530108, 532544 dentalhospitalale@gmail.com www.aledentalhospital.com
दाँत, मुख तथा गिजा उपचार केन्द्र






"Healthy Smile, Happy Life" Our Location "स्वस्थ मुस्कान, खुशी जीवन"

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dainiklumbiniadd@gmail.com (Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ वेबसाइडः www.lumbinipatrika.com